## रंगेली नगरपालिका
## विनियोजन ऐन, २०७५

**रंगेली नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**सभाबाट पारित मिति : २०७५।६।८**

**प्रस्तावना :** रंगेली नगरपालिकाको आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम रंगेली नगरपालिका को सभावाट पारित गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "रंगेली नगरपालिका को विनियोजन ऐन २०७५"रहेको छ।

(२) यो ऐन सभा वाट पारित भइ स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी सोही राजपत्रमा तोकिएको मिति अर्थात २०७५।६।९ देखि लागू हुनेछ।

**२. आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च, पुँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.६१,७५,५१,०००।- (अक्षेरुपी रू.६१ करोड ७५ लाख ५१ हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त रंगेली नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ। यसरी सञ्चालन गरिने नगरपालिका स्तरिय, वडास्तरीय र विषयगत योजना तथा कार्यक्रमहरु अनुसुची २ मा उल्लेख गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरसभाको वैठक नबसेको अवस्थामा नगरपालिकालाइ कुनै रकम कुनै श्रोतबाट प्राप्त भएको अवस्थामा सो रकम कार्यकम बनाई नगर कार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्नेछ। यस्तो खर्च लगत्तै बस्ने नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ।

## अनुसुचि १

(दफा २ संग सम्वन्धित)

**नेपालको संविधानको धारा २२९ (२) वमोजिम**
**संचित कोषवाट विनियोजन हुने रकम**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूजिगत खर्च | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | नगर कार्यपालिका | | ३३०१६६ | १४११९३ | ० | ४७१३५९ |
| २ | वडा समिति | | १३०५० | १०८५४६ | | १२१५९६ |
| ३ | विषयगत शाखा | | ६८०० | | | ६८०० |
| ४ | ऋणको सावा व्याज /दायित्व भुक्तानी | | १७७९६ | | | १७७९६ |
| ५ | लगानी (शेयर/ऋण) | | | | | ० |
| | **जम्मा** | | **३६७८१२** | **२४९७३९** | **०** | **६१७५५१** |

**आदरणिय नगरप्रमुख एवम सभाध्यक्ष महोदय,**

यस सम्मानित सभा समक्ष आ.व.२०७५।०७६ को आय व्यय तथा शिर्षकगत कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

## आय तर्फ

आ.व.२०७५।०७६ मा निम्नानुसारको श्रोतवाट रू.६१ करोड ७५ लाख ५१ हजार मात्र आय हुने अनुमान गरेकोछु ।

१. आन्तरिक आय वाट रू. २ करोड प्राप्त हुने अनुमान गरिएको छ ।

२. राजश्व वाडफाड वाट जम्मा १० करोड १८ लाख ९७ हजार प्राप्त हुने अनुमान गरिएको छ । जस मध्ये

- संघीय सरकारवाट रू. ९ करोड २१ लाख ८६ हजार
- प्रदेश सरकारवाट ९७ लाख ११ हजार

३. अन्तर सरकारी वित्तिय हस्तान्तरण

क) संघीय सरकारवाट जम्मा ३३ करोड १० लाख प्राप्त हुने अनुमान गरिएको छ । जस मध्ये

- ➢ वित्तिय समानिकरण वाट रू. १५ करोड ०१ लाख प्राप्त हुनेछ ।
- ➢ शसर्त अनुदान वाट रू. १८ करोड ०९ लाख

ख) प्रदेश सरकारवाट वित्तिय समानिकरण तर्फ ४०लाख २ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

४. सामाजिक सुरक्षा भत्तावाट ७ करोड ०८ लाख४६ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

## व्यय तर्फ

१। चालुको प्रशासनिक खर्च तर्फ रू. ७ करोड ९१ लाख १० हजार विनियोजन गरिएको छ ।
२। चालुको लक्षित वर्गको कार्यक्रम खर्चतर्फ रू. ८२ लाख विनियोजन गरिएको छ ।
३। विपद कोष तर्फ रू. ६० लाख विनियोजन गरिएको छ ।
४। मर्मत कोष तर्फ कोष, रू. १ करोड विनियोजन गरिएको छ ।
५। शसर्त अनुदान तर्फ रू. १८ करोड ०९ लाख विनियोजन गरिएको छ ।
६। सामाजिक सुरक्षा खर्च तर्फ रू. ७ करोड ०८ लाख ४६ हजार विनियोजन गरिएको छ ।
७। भैपरी पूजिगत खर्च तर्फ रू. १ करोड विनियोजन गरिएको छ ।
८। समपुरक कोष (साझेदारी कार्यक्रम) खर्च तर्फ रू. १ करोड विनियोजन गरिएको छ ।
९। सडक वोर्ड (साझेदारी कार्यक्रम) खर्च तर्फ रू. १७ लाख १५ हजार विनियोजन गरिएको छ ।
१०। वडास्तरिय पूजिगत योजना तर्फ रू. ९ करोड विनियोजन गरिएको छ ।
११। क्रमागत योजना तर्फ रू. ८ करोड ६१ लाख ८४ हजार विनियोजन गरिएको छ ।
१२। नगरस्तरिय योजना तथा कार्यक्रम तर्फ रू. ३ करोड १३ लाख ४० हजार विनियोजन गरिएको ।
**१३।** विषयगत शाखा रू. ६८ लाख विनियोजन गरिएको छ
**१४।** पूजिगत खर्च तर्फ (फर्निचर,मेसिनरी समान अन्य खर्च) रू. ४५ लाख विनियोजन गरिएको छ
१५। दायित्व भुक्तानी तर्फ रू. १ करोड ७७ लाख ९६ हजार विनियोजन गरिएको छ ।
**१६) वभिन्न कोष मौज्दात तर्फ** रू. ४१ लाख ६१ हजार विनियोजन गरिएको छ ।

अन्त्यमा यस नगरपालिकाको विकास र सम्वृद्धिमा निरन्तर सहयोग र सदभाव राख्नुहुने आम नागरिक, करदाता, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरू तथा नगरपालिकाका कर्मचारी प्रति हार्दिक आभार व्यक्त गर्दै नीति तथा कार्यक्रमको सफलतामा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

**केशव कुमारी खराल**
**उप प्रमुख**
**रंगेली नगरपालिका**